# खिजीदेम्वा गाउँपालिका

## खिजीफलाटे, ओखलढुंगा

## १ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड १ | संख्या १ | मिति २०७५/०२/३१

भाग १

नेपालको संविधान, २०७२ को धारा २२१ ले दिएको व्यवस्थापिकीय अधिकारको प्रयोग गरि खिजीदेम्वा गाउँपालिका ओखलढुंगाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०७५ सालको ऐन नं १

## खिजीदेम्वा गाउँपालिका ओखलढुंगा "प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५"

गाउँ सभावाट स्वीकृत मिति: २०७५/०२/०७ प्रमाणिकरण मिति:२०७५/०२/२४

प्रस्तावना: नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खिजीदेम्वा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम खिजीदेम्वा गाउँपालिका ओखलढुंगाको "प्रशासकीय कार्यविधि ( नियमित गर्न) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन खिजीदेम्वा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२ परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,-

(क) "ऐन" भन्नाले खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले खिजीदेम्वा गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान लाई सम्झनु पर्छ ।

**३ नियम बनाउने अधिकार:** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त खिजीदेम्वा गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघिय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४ निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही खिजीदेम्वा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्ने छ ।

**५ बचाउः** यो ऐन लागू हुनु भन्दा अगावै गाउँपालिकाबाट पारित गरि लागु गरेका कानून, ऐन,नियम, निर्देशिका कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम भएको मानिने छ ।

आज्ञाले

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत